# लागू औषधरहित जीवन
# (Living without Drugs)

## किशोर किशोरीहरुले लागू औषधको बारेमा थाहापाउनु पर्ने कुराहरु
## (Information for Youths about drug abuse)

औषधि भन्नाले शरीरको व्यवस्थापनलाई परिवर्तन गर्ने अथवा असर पार्ने रासायनिक पदार्थ हो । बैध र अवैध गरी औषधिलाई दुई किसिमले हेर्न सकिन्छ । स्वास्थ्य उपचारमा प्रयोग हुने तथा चिकित्सकले सिफारिस गरेको औषधि वैध औषधि हो भने चुरोट, रक्सी लगायतका पदार्थमा प्रयोग हुने र पसलमा किन्न नपाइने, कानुनले प्रतिबन्ध लगाएका अवैध औषधिहरु लागू औषध हुन् । मानिसले विभिन्न कारणले अवैध औषधि अर्थात् लागू औषध प्रयोग गर्ने गर्दछन् । कसैले व्यक्तिगत समस्याबाट टाढा रहन वा दिक्दारी हटाउनका लागि प्रयोग गर्दछन् भने कतिले उत्सुकतावश यसबाट राम्रो अनुभव पाउनको लागि प्रयोग गर्ने गर्दछन् । मानिसले समूहमा आफ्नो फरक पहिचान देखाउन आफूप्रति आकर्षण बढाउन वा समाजमा आफू बिद्रोही भएको देखाउन यसको प्रयोग गर्दछन् ।

लागू औषध प्रयोगकर्ताहरु विभिन्न पृष्ठभूमिबाट आएका हुन्छन् । उनीहरु पुरुष वा महिला, युवा अथवा वृद्ध, धनी वा गरिब, रोजगार भएका वा वेरोजगार, सहरका वा गाउँका कोही पनि हुन सक्छन् । लागू औषधबाट जो सुकै पनि प्रभावित भएको पाइएको छ । देश विकासमा विभिन्न पेशा, योग्यता, उमेर भएका युवा जनशक्तिको भूमिका महत्वपूर्ण हुन्छ । युवा जनशक्तिलाई योग्य, अनुशासित, सीपयुक्त बनाउनुको साथै खानपानमा समेत ध्यान दिनु पर्दछ ।

गाँजा प्रायः जसो चुरोटमा भरेर प्रयोग गरिन्छ र खैरो डल्ला बनाएर चरेशको रुपमा बिक्री गरिन्छ । एम्फीटामिन्स र एक्स्टेसी (Amphetamine Type Stimulants (ATS) प्रायः जसो चक्कीमा बिक्री गरिन्छ र पेय पदार्थमा मिलाई निल्ने गर्दछन् । यसलाई अन्य विधिबाट पनि प्रयोग गर्न सकिन्छ । कोकिन, जुन सेतो वा खैरो धुलोका रुपमा उपलब्ध हुन्छ, त्यसलाई नाकको माध्यमबाट तान्ने गरिन्छ र हेरोइनलाई प्रायः सुईको माध्यमबाट प्रयोग गरिन्छ । हिरोइनलाई आल्मुनियुम फोइल तथा चम्चामा तताएर त्यसको धुवाँ (वाफ) तान्ने पनि गरिन्छ । विभिन्न प्रकारको लागू औषधको असर शरिरमा फरक फरक प्रकारले हुने गर्दछ । साथै यसका असर मान्छे मान्छेमा पनि फरक हुन सक्दछ । गाँजा सेवनले मानिसलाई दिग्भ्रमित बनाउँछ । Amphetamine ले शक्ति बढाउने र प्रयोग गर्ने व्यक्तिलाई निन्द्रा लाग्दैन । कोकिनले प्रयोगकर्तालाई शुरु शुरुको प्रयोगमा एकदम खुसीको अनुभव दिने र उत्तेजना प्रदान गर्ने गर्दछ । तर यसले प्रयोग गर्ने व्यक्तिलाई भोक लागेको र थाकेको कुरा बिर्साउने गर्दछ । यी असरहरु राम्रा जस्ता लागेता पनि लामो समयसम्म रहँदैनन् । धेरै जसो मानिसहरु निराश र एक्लोपनको अनुभव गर्न थाल्दछन् र पछि बिरामी पनि हुन्छन् । त्यसैगरी लागू औषध प्रयोग गर्ने व्यक्तिहरु अलमलमा पर्ने, आँखा रातो हुने, धेरै पसिना आउने र आफ्नो स्वास्थ्यको ख्याल नराख्ने हुनुका साथै लतमा लागेर यसैमा फस्न सक्ने जोखिम पनि त्यति नै हुने गर्दछ । लागू पदार्थको प्रयोगले विभिन्न किसिमका मानसिक रोगका लक्षणहरु, जस्तै निन्द्रा नलाग्ने, दिक्दारीपना, भ्रम, भ्रान्ति एवं साइकोसिस पनि गर्न सक्दछ ।

लागू औषधको अन्य शारीरिक असर पनि हुने गर्दछन् । उदाहरणको लागि गाँजा भएको चुरोटमा साधारण चुरोटमाभन्दा धेरै रसायन हुने गर्दछ जसले गर्दा प्रयोग गर्ने व्यक्तिलाई फोक्सोको क्यान्सर र अन्य श्वासप्रश्वासको रोग हुने सम्भावना बढी हुन्छ । नाकले कोकिन तान्ने मानिसहरुमा नाकको ग्रन्थीमा असर पर्ने समस्या आउन सक्दछ । सुईद्धारा लागू औषध प्रयोग गर्ने व्यक्तिहरुमा एचआइभी तथा हेपाटाइटिस, हेपाटाइटिस बी र सी, डिप भेन, थ्रम्बोसिस (DVT) जस्ता विभिन्न सङ्क्रमण हुन सक्दछन् । साथै लागू औषध प्रयोगकर्तामा अन्य विभिन्न स्वास्थ्य समस्या जस्तैः कुपोषण, महिनावारी सम्बन्धी समस्या र मुटु सम्बन्धी रोगहरु देखा पर्न सक्दछन् । अध्ययनहरुले देखाए अनुसार युवा अवस्थामा चुरोट र रक्सी खाने व्यक्तिहरु, नखानेहरुभन्दा अवैध लागू औषध प्रयोग गर्ने जोखिममा रहेका हुन्छन् । तसर्थ यी पदार्थदेखि युवा तथा किशोर किशोरीहरु टाढा रहनु पर्दछ । आफ्नो जीवन अमूल्य हो । यसलाई सकारात्मक दिशामा उन्मुख गराई परिवार, समाज र देश निर्माण एवं विकासमा लगाउनु पर्दछ ।


नेपाल सरकार
गृह मन्त्रालय
लागू औषध नियन्त्रण कार्यक्रम
सिंहदरवार, काठमाडौं